# मिति २०७६/०३/१६ गते बसेको जि.स.स बैठकको निर्णयहरु

१. आगामी तेस्रो जिल्ला सभामा राख्ने विषयवस्तु तथा अन्य निर्णय गर्नुपर्ने विषयहरु तयार गरी २०७६ श्रावण महिना भित्र जिल्ला सभा गर्ने र जिल्ला सभाको मिति श्रावण महिनाको नियमित जि.स.स. वैठकबाट तोक्ने निर्णय गरियो ।

२. तारकेश्वर नगरपालिकाबाट तयार गरी प्राप्त हुन आएको तपशिल वमोजिमका खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, जिल्लास्तरीय प्रारम्भिक वातावरणीय परीक्षा पुनरावलोकन तथा सिफारिस समितिबाट अध्ययन गरी सिफारिससाथ पेश भएको हुंदा सो वमोजिम उक्त IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

- साङ्गलेखोला,
- महादेव खोला
- चुनि खोला

३. जिल्ला समन्वय समितिबाट चालु आ.व. २०७५/०७६ मा संचालित कार्यहरुको प्रगति समीक्षा मिति २०७६ असार ३० गते गर्ने निर्णय गरियो ।

४. जिल्ला समन्वय समितिको ठूलो सभाहल सुधार र स्तरीकरणको लागि प्राप्त DPR वमोजिमको कार्य आगामी आ.व. २०७६/०७७ बाट शुरु गर्ने निर्णय गरियो ।

५. काठमाडौं महानगरपालिका वडा नं. ३२ कोटदेवी विद्यानगर (नरेफाँट) स्थित खानेपानी वोरिङ्ग विग्रन गई विगत २० दिन देखि खानेपानी अभाव भएकोले सोही स्थानमा रहेको सार्वजनिक जग्गामा वोरिङ्ग गरी पानी व्यवस्थापन गर्न अत्यावश्यक भएकोले आगामी आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रममा उक्त खानेपानी योजना समावेश गरी सो को लागि आवश्यक वजेट विनियोजन हुन ३ नं. प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयमा सिफारिसका लागि कोटदेवी विद्यानगर समाज सुधार समितिबाट अनुरोध भई निवेदन प्राप्त हुन आएको सम्वन्धमा छलफल हुँदा निवेदकको माग वमोजिमको सिफारिस गर्ने निर्णय गरियो ।